'स्वच्छ, सफा र समृद्ध शहर, हिमाल र तराईको मिलनवन्दु कमलामाई नगर'

कमलामाई नगरपालिका

नगरसभाको १७ औं अधिवेशन

# बजेट बक्तव्य

## आर्थिक वर्ष २०८३/८४

मिति २०८३-०३-१० गते बुधवार

कमलामाई नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

सिन्धुली

CamScanner

कमलामाई नगरपालिका, नगरसभाको १७ औं अधिवेशन वैठकका अध्यक्ष एवं प्रमुखज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू, सभामा उपस्थित नगरसभा सदस्यज्यूहरु, उपस्थित नगरपालिकाका कर्मचारीहरु, सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

१ नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम कमलामाई नगरपालिकाको उपप्रमुखको हैसियतले यस गरिमामय नगरसभा समक्ष आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवका साथसाथै विशेष जिम्मेवारीको अनुभूति गरेको छु।

२ संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना, लोकतान्त्रिक अधिकार, सामाजिक न्याय, समावेशी राज्य व्यवस्था तथा समृद्ध समाज निर्माणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात—अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न लोकतान्त्रिक आन्दोलन, राजनीतिक परिवर्तन तथा सामाजिक रूपान्तरणका अभियानमा योगदान पुऱ्याउनुहुने अग्रज व्यक्तित्वहरू, घाइते तथा पीडित नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

३ आजको विश्व अर्थतन्त्र तीव्र प्रविधिगत रूपान्तरण, कृत्रिम बुद्धिमत्ता (AI) को विस्तार, नवप्रवर्तन, जलवायु परिवर्तनका प्रभाव, उत्पादन तथा आपूर्ति शृङ्खलाको पुनर्संरचना तथा बढ्दो प्रतिस्पर्धात्मकताबीच नयाँ अवसर र चुनौतीको संगममा उभिएको छ। यस्ता परिवर्तनहरूले विकासका परम्परागत सोच, कार्यशैली र सेवा प्रवाहका ढाँचामा समेत व्यापक परिवर्तन ल्याइरहेका छन्। यस परिवर्तित परिवेशमा स्थानीय सरकारहरू केवल सेवा प्रदायक निकाय मात्र नभई आर्थिक, सामाजिक तथा संस्थागत रूपान्तरणका प्रमुख संवाहकका रूपमा स्थापित हुँदै गएका छन्।

४ नेपालमा पनि आर्थिक तथा सामाजिक रूपान्तरणप्रति नागरिकको अपेक्षा थप बढिरहेको छ। उत्पादनशील क्षेत्रको विस्तार, उद्यमशीलताको विकास, रोजगारीका अवसर सिर्जना, सार्वजनिक सेवा प्रवाहमा गुणात्मक सुधार तथा सुशासनको प्रत्याभूति आजका प्रमुख आवश्यकता बनेका छन्। यी आवश्यकता सम्बोधन गर्दै स्थानीय सम्भावना, सीप, स्रोत र अवसरलाई विकासको मूल आधार बनाउनु हाम्रो साझा दायित्व हो।



CamScanner

५ कमलामाई नगरपालिका कृषि, पर्यटन, प्राकृतिक सम्पदा, सांस्कृतिक विविधता तथा उद्यमशील जनशक्तिको दृष्टिले सम्भावनायुक्त नगरका रूपमा स्थापित हुँदै गएको छ। यी सम्भावनाहरूलाई उत्पादन, उत्पादकत्व, आयआर्जन, उद्यम विकास तथा रोजगारीसँग जोड्दै आत्मनिर्भर, उत्थानशील र प्रतिस्पर्धी स्थानीय अर्थतन्त्र निर्माण गर्नु यस बजेटको मूल उद्देश्य रहेको छ।

६ स्थानीय तहको दोस्रो निर्वाचित कार्यकालको अन्तिम वर्षमा प्रस्तुत गरिएको यो बजेट विगत चार वर्षमा हासिल भएका उपलब्धिहरूलाई संस्थागत गर्ने, सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सम्पन्न गर्ने तथा आगामी विकास यात्राका लागि सबल आधार निर्माण गर्ने संकल्पको दस्तावेजका रूपमा रहेको छ। यस अवधिमा नगरवासीहरूले व्यक्त गर्नुभएको विश्वास, साथ, सुझाव र अपेक्षालाई आत्मसात् गर्दै विकास र सुशासनको यात्रालाई थप सुदृढ बनाउने प्रयास यस बजेटले गरेको छ।

७ प्रस्तुत बजेटले उत्पादन र उत्पादकत्व वृद्धि, कृषि तथा उद्यम प्रवर्द्धन, पूर्वाधार विकास, मानव पूँजी विकास, सामाजिक सुरक्षा, वातावरण संरक्षण, विपद् व्यवस्थापन, डिजिटल रूपान्तरण, वित्तीय सुशासन तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारितालाई उच्च प्राथमिकतामा राखेको छ। सार्वजनिक स्रोत र साधनको अधिकतम सदुपयोग गर्दै प्रत्येक लगानीलाई नागरिकको जीवनस्तर सुधार र विकासको प्रत्यक्ष प्रतिफलसँग जोड्ने प्रयास गरिएको छ।

८ कमलामाई नगरपालिकाले अवलम्बन गर्दै आएको सहभागितामूलक योजना तर्जुमा, वडा केन्द्रित विकास, सामाजिक न्याय, समावेशीकरण, पारदर्शिता तथा उत्तरदायी शासन प्रणालीलाई यस वर्ष पनि निरन्तरता दिएको छ। विकासको प्रतिफल समाजका सबै वर्ग, क्षेत्र र समुदायसम्म न्यायोचित रूपमा पुर्‍याउने तथा नागरिक अपनत्व अभिवृद्धि गर्ने प्रतिबद्धता यस बजेटले लिएको छ।

९ आर्थिक वर्ष २०८३/०८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघ तथा बागमती प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य (SDGs), नगरपालिकाको नीति तथा कार्यक्रम, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका सुझाव, स्थानीय राजस्व परामर्श समिति, विषयगत समिति, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत् तथा नगरवासीहरूबाट प्राप्त सुझाव र अपेक्षालाई आधार बनाइएको छ।

१० यस सम्मानित नगरसभामा आर्थिक वर्ष २०८३/८४ को बजेटसँगै आर्थिक विधेयक तथा विनियोजन विधेयकको अनुसूची १ देखि अनुसूची ४ सम्म समेत प्रस्तुत गरेको छु ।



CamScanner

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

अब म आगामी चालु आर्थिक वर्ष २०८२/०८३ को असार १० गतेसम्मको आय तथा व्ययको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आम्दानीतर्फको समिक्षा**

११ चालु आर्थिक वर्ष २०८२/०८३ मा कुल रु. १,३०,५३,३५,२२७।४३ (अर्थात् एक अर्व तीस करोड त्रिपन्न लाख पैंतीस हजार दुई सय सत्ताइस रुपैयाँ त्रिचालीस पैसा मात्र) आय प्राप्त हुने अनुमान गरिएकोमा २०८३ असार १० गतेसम्म रु. १,१२,६६,७२,६९५।६३ (अर्थात् एक अर्ब बाह्र करोड छयसठ्ठी लाख बहत्तर हजार छ सय पन्चानब्बे रुपैयाँ त्रिसट्ठी पैसा मात्र) प्राप्त भएको छ। यो कुल अनुमानित आयको ८६.३१ प्रतिशत हुन आउँछ।

१२ संघीय सरकारबाट प्राप्त हुने विभिन्न अनुदानतर्फ रु. ७५,४९,००,००० (अर्थात् पचहत्तर करोड उनन्चास लाख रुपैयाँ मात्र) प्राप्त हुने अनुमान गरिएकोमा असार १० गतेसम्म रु. ७३,३८,९६,९३६ (अर्थात् त्रिहत्तर करोड अठतीस लाख छयानब्बे हजार नौ सय छत्तीस रुपैयाँ मात्र) प्राप्त भएको छ। यो अनुमानित रकमको ९७.२२ प्रतिशत हो।

१३ संघीय वित्तीय समानीकरण अनुदानतर्फ रु. १८,०५,००,००० (अर्थात् अठार करोड पाँच लाख रुपैयाँ मात्र) प्राप्त हुने अनुमान रहेकामा असार १० गतेसम्म रु. १६,५०,६७,२५० (अर्थात् सोह्र करोड पचास लाख सत्सट्ठी हजार दुई सय पचास रुपैयाँ मात्र) प्राप्त भएको छ। यसरी रु. १,५४,३२,७५० (अर्थात् एक करोड चौवन्न लाख बत्तीस हजार सात सय पचास रुपैयाँ मात्र) बराबरको रकम संघीय सरकारबाट कटौती भई प्राप्त हुन सकेको छैन। यो कुल विनियोजनको ८.५५ प्रतिशत हुन आउँछ।

१४ प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानतर्फ रु. ८,२०,२२,००० (अर्थात् आठ करोड बीस लाख बाइस हजार रुपैयाँ मात्र) प्राप्त हुने अनुमान गरिएकोमा रु. ६,०७,३१,६१६ (अर्थात् छ करोड सात लाख एकतीस हजार छ सय सोह्र रुपैयाँ मात्र) प्राप्त भएको छ, जुन ७४.०४ प्रतिशत हो।

१५ संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटतर्फ रु. ३०,२२,७३,२२७।४३ (अर्थात् तीस करोड बाइस लाख त्रिहत्तर हजार दुई सय सत्ताइस रुपैयाँ त्रिचालीस पैसा मात्र) प्राप्त हुने अनुमान गरिएकोमा रु. २०,९५,४५,५६४।७२ (अर्थात् बीस करोड



CamScanner

पन्चानब्बे लाख पैंतालीस हजार पाँच सय चौसट्ठी रुपैयाँ बहत्तर पैसा मात्र) प्राप्त भएको छ। यो अनुमानित रकमको ६९.३१ प्रतिशत हो।

१६ राजस्व बाँडफाँट अन्तर्गत मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कबाट प्राप्त हुने आय सन्तोषजनक रहे तापनि सवारी साधन कर, घरजग्गा रजिस्ट्रेशन दस्तुर तथा दहत्तर—बहत्तर बिक्रीबाट प्राप्त हुने आय अपेक्षाभन्दा कम रहेको छ।

१७ गत वर्षको बैंक मौज्दात बाहेक खुद आन्तरिक आयतर्फ रु. ९,२६,४०,००० (अर्थात् नौ करोड छब्बीस लाख चालीस हजार रुपैयाँ मात्र) राजस्व संकलन गर्ने लक्ष्य निर्धारण गरिएकोमा २०८३ असार १० गतेसम्म रु. ५,७९,१९,०५०।५० (अर्थात् पाँच करोड उनासी लाख उन्नाइस हजार पचास रुपैयाँ पचास पैसा मात्र) राजस्व संकलन भएको छ । यो वार्षिक लक्ष्यको ६२.५२ प्रतिशत हुन आउँछ ।

१८ आन्तरिक आयका स्रोतहरूमध्ये सम्पत्ति कर, बहाल कर, सेवा शुल्क, व्यक्तिगत घटना दर्ता दस्तुर तथा प्रशासनिक दण्ड जरिवानाबाट सन्तोषजनक प्रगति हासिल भएको छ। तथापि पर्यटन शुल्क, नक्सापास दस्तुर, व्यवसाय दर्ता दस्तुर तथा केही अन्य शीर्षकमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। आगामी आर्थिक वर्षमा राजस्वको दायरा विस्तार, कर प्रशासनको सुदृढीकरण तथा प्रविधिमैत्री राजस्व व्यवस्थापनमार्फत आन्तरिक आय अभिवृद्धिमा विशेष जोड दिइनेछ।

**खर्च तर्फको समिक्षाः**

१९ चालु आर्थिक वर्ष २०८२/०८३ को असार १० गतेसम्म SuTRA प्रणालीअनुसार कमलामाई नगरपालिकाको कुल वार्षिक बजेट रु. १,३०,५३,३५,२२७।४३ (अर्थात् एक अर्ब तीस करोड त्रिपन्न लाख पैंतीस हजार दुई सय सत्ताइस रुपैयाँ त्रिचालीस पैसा मात्र) रहेको छ। यसमध्ये चालुतर्फ रु. ९५,५२,००,८५१।७० (अर्थात् पन्चानब्बे करोड बाउन्न लाख आठ सय एकाउन्न रुपैयाँ सत्तरी पैसा मात्र), पुँजीगततर्फ रु. ३४,३५,३४,३७५।७३ (अर्थात् चौतीस करोड पैंतीस लाख चौतीस हजार तीन सय पचहत्तर रुपैयाँ त्रिहत्तर पैसा मात्र) र वित्तीय व्यवस्थातर्फ रु. ६६,००,००० (अर्थात् छैसट्ठी लाख रुपैयाँ मात्र) विनियोजन भएको छ।



CamScanner

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

२० असार १० गतेसम्म चालुतर्फ रु. ७६,७८,९८,६९०।५७ (अर्थात् छयहत्तर करोड अठहत्तर लाख अन्ठानब्बे हजार छ सय नब्बे रुपैयाँ सन्ताउन्न पैसा मात्र) खर्च भएको छ। यो चालु विनियोजनको ८०.३९ प्रतिशत हो।

२१ पुँजीगततर्फ रु. १७,८९,२४,३५७।६० (अर्थात् सत्र करोड उनान्नब्बे लाख चौबीस हजार तीन सय सन्ताउन्न रुपैयाँ साठी पैसा मात्र) खर्च भएको छ। यो पुँजीगत विनियोजनको ५२.०८ प्रतिशत हो।

२२ वित्तीय व्यवस्थातर्फ रु. २०,९२,२८४ (अर्थात् बीस लाख बयानब्बे हजार दुई सय चौरासी रुपैयाँ मात्र) खर्च भएको छ। यो वित्तीय व्यवस्था विनियोजनको ३१.७० प्रतिशत हो।

२३ चालु, पुँजीगत र वित्तीय व्यवस्था समेत गरी कुल रु. ९४,८९,१५,३३२।१७ (अर्थात् चौरानब्बे करोड उनान्नब्बे लाख पन्ध्र हजार तीन सय बत्तीस रुपैयाँ सत्र पैसा मात्र) खर्च भएको छ। यो कुल वार्षिक बजेटको ७२.६९ प्रतिशत हुन आउँछ।

२४ खर्चको संरचना हेर्दा चालु खर्चको प्रगति सन्तोषजनक रहेको छ भने पुँजीगत खर्चमा थप गति दिनुपर्ने अवस्था देखिन्छ। आगामी आर्थिक वर्षमा योजना छनोट, खरिद प्रक्रिया, कार्यान्वयन तालिका, अनुगमन तथा भुक्तानी प्रणालीलाई थप व्यवस्थित बनाई पुँजीगत खर्चको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गरिनेछ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

**बजेटका चुनौती र अवसर**

२५ नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुन, मापदण्ड तथा कार्यविधिहरूको समयानुकूल परिमार्जन र कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको छ। यद्यपि संघीयता कार्यान्वयनको अनुभवसँगै स्थानीय सरकारको संस्थागत क्षमता, सेवा प्रवाह तथा उत्तरदायित्व निरन्तर सुदृढ हुँदै गएको छ।

२६ नगरपालिकाको वित्तीय संरचनामा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँटको हिस्सा अझै प्रमुख रहेको छ। आन्तरिक आयको दायरा विस्तार गर्ने प्रयास जारी रहे तापनि अपेक्षित उपलब्धि हासिल गर्न थप सुधार आवश्यक छ। तथापि



CamScanner

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

शहरीकरण, व्यवसाय विस्तार, सम्पत्ति व्यवस्थापन तथा डिजिटल राजस्व प्रणालीमार्फत आन्तरिक स्रोत वृद्धि गर्ने पर्याप्त सम्भावना विद्यमान रहेको छ।

२७ सीमित स्रोतसाधनबीच नागरिकका बढ्दो अपेक्षा, पूर्वाधार विकासको आवश्यकता तथा गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्नु चुनौतीपूर्ण रहेको छ। विकासका प्रतिफललाई दीर्घकालीन र दिगो बनाउन साना तथा छरिएका योजनाभन्दा रणनीतिक महत्वका आयोजना र कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ।

२८ चालु तथा प्रशासनिक खर्चको बढ्दो दबाबका बीच उत्पादनशील, आयमूलक तथा रोजगारमुखी क्षेत्रमा लगानी विस्तार गर्नु आजको प्रमुख चुनौती हो। सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्दै उपलब्ध स्रोतलाई अधिकतम प्रतिफल दिने क्षेत्रमा केन्द्रित गर्नुपर्ने आवश्यकता देखिएको छ।

२९ संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य तथा साझेदारीलाई अझ प्रभावकारी बनाउनु आवश्यक रहेको छ। विशेषगरी विकास आयोजना, विपद् व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा एकीकृत प्रयासमार्फत थप उपलब्धि हासिल गर्न सकिने अवसर रहेको छ।

३० जलवायु परिवर्तन, विपद् जोखिम तथा वातावरणीय चुनौतीहरू दिनप्रतिदिन जटिल बन्दै गएका छन्। यस्ता चुनौतीहरूको सामना गर्दै हरित विकास, वातावरण संरक्षण, जलाधार व्यवस्थापन तथा विपद् पूर्वतयारीका कार्यक्रमलाई सुदृढ बनाउनु आजको आवश्यकता हो।

३१ विश्व अर्थतन्त्रमा देखिएको अनिश्चितता, युवाशक्तिको बाह्य पलायन तथा सीमित रोजगारीका अवसरले स्थानीय अर्थतन्त्रमा समेत प्रभाव पारेको छ। तर कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, उद्यमशीलता विकास, सूचना प्रविधि तथा कृत्रिम बुद्धिमत्ता (AI) को उपयोगमार्फत नयाँ अवसरहरू सिर्जना गर्न सकिने बलियो आधार हामीसँग रहेको छ।

३२ जिल्ला सदरमुकाम समेत रहेको कमलामाई नगरपालिकामा कृषि, पर्यटन, व्यापार, सेवा तथा निजी लगानी विस्तारको उल्लेखनीय सम्भावना रहेको छ। स्थानीय स्रोत, प्रविधि, नवप्रवर्तन, निजी क्षेत्रसँगको सहकार्य तथा नागरिक सहभागिताको प्रभावकारी परिचालनमार्फत आर्थिक तथा सामाजिक रूपान्तरणलाई तीव्रता दिन सकिने विश्वास लिएको छ।



CamScanner

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरू**

३३ अब म आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु। बदलिंदो आर्थिक तथा सामाजिक परिवेश, नागरिकका बढ्दो अपेक्षा, सार्वजनिक स्रोतको सीमितता, विकासको गुणस्तरप्रतिको चासो तथा स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै उपलब्ध स्रोत, साधन र क्षमताको विवेकपूर्ण उपयोग हुने गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरेकी छु। बजेटका उद्देश्य हासिल गर्न देहायबमोजिमका क्षेत्रगत तथा कार्यक्रमगत प्राथमिकताहरू निर्धारण गरेकी छु ।

- सार्वजनिक सेवामा सरलता, शीघ्रता, जवाफदेहिता र नागरिक सन्तुष्टि अभिवृद्धि गर्ने कार्यक्रमहरू।
- आयआर्जन, स्वरोजगार, बजार पहुँच तथा स्थानीय आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुग्ने कार्यक्रमहरू।
- युवा पुस्ताको क्षमता अभिवृद्धि, सीप विकास, सिर्जनशीलता र नेतृत्व विकासलाई प्रोत्साहन गर्ने कार्यक्रमहरू।
- महिला, दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका समुदायको पहुँच र सहभागिता सुनिश्चित गर्ने कार्यक्रमहरू।
- संस्थागत सुदृढीकरण, अभिलेख व्यवस्थापन, डिजिटल सेवा प्रणाली तथा कार्यसम्पादन सुधारमा केन्द्रित कार्यक्रमहरू।
- प्राकृतिक स्रोतको संरक्षण, जलाधार व्यवस्थापन, वातावरणीय सन्तुलन तथा विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू।
- स्थानीय कला, संस्कृति, सभ्यता, मौलिक पहिचान तथा धार्मिक—ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने कार्यक्रमहरू।
- शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, कृषि पूर्वाधार तथा सार्वजनिक उपयोगिताका संरचनाहरूको गुणस्तरीय विस्तार गर्ने कार्यक्रमहरू।
- सहकारी, सामुदायिक संस्था, निजी क्षेत्र तथा विकास साझेदारहरूसँग सहकार्य र साझेदारी विस्तार गर्ने कार्यक्रमहरू।



CamScanner

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाडी, सिन्धुली
बागमती प्रदेश, नेपाल

- परिणाममुखी योजना कार्यान्वयन, वित्तीय अनुशासन, पारदर्शिता तथा सुशासनलाई थप सुदृढ बनाउने कार्यक्रमहरू।

३४ प्रस्तुत प्राथमिकताहरूले नगरवासीको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने, सेवाप्रतिको विश्वास अभिवृद्धि गर्ने तथा कमलामाई नगरपालिकालाई थप व्यवस्थित, सक्षम र नागरिकमैत्री स्थानीय सरकारका रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु।

३५ प्रस्तुत बजेटका प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन्–

- उत्पादन, उत्पादकत्व, उद्यमशीलता र रोजगारी अभिवृद्धिमार्फत स्थानीय अर्थतन्त्रलाई सबल, प्रतिस्पर्धी र गतिशील बनाउने।
- आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारको सन्तुलित विकासमार्फत नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याई समावेशी समृद्धिको आधार सुदृढ गर्ने।
- सुशासन, वित्तीय अनुशासन, पारदर्शिता, प्रविधिमैत्री तथा कृत्रिम बुद्धिमत्ता (AI) मा आधारित सार्वजनिक सेवा प्रवाहको विस्तारमार्फत उत्तरदायी, प्रभावकारी र नागरिकमैत्री स्थानीय शासन प्रणाली विकास गर्ने।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु:**

३६ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि कुल रु. १ अर्ब २६ करोड ६७ लाख ८६ हजार ९ सय ९५ रुपैयाँ (अक्षरेपी एक अर्ब छब्बीस करोड सत्सट्ठी लाख छयासी हजार नौ सय पन्चानब्बे रुपैयाँ मात्र) बराबरको आय अनुमान गरिएको छ।

३७ उक्त आयमध्ये संघीय सरकारबाट वित्तीय समानीकरण, सशर्त तथा विशेष अनुदान समेत गरी रु. ७७ करोड २ लाख रुपैयाँ (अक्षरेपी सतहत्तर करोड दुई लाख रुपैयाँ मात्र) प्राप्त हुने अनुमान गरिएको छ।

३८ प्रदेश सरकारबाट वित्तीय समानीकरण, सशर्त, समपूरक तथा विशेष अनुदान समेत गरी रु. ५ करोड १४ लाख ९६ हजार रुपैयाँ (अक्षरेपी पाँच करोड चौध लाख छयानब्बे हजार रुपैयाँ मात्र) प्राप्त हुने अनुमान गरिएको छ।

३९ संघीय सरकारबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा वन रोयल्टी बाँडफाँटबाट रु. १५ करोड ६० लाख १० हजार रुपैयाँ (अक्षरेपी पन्ध्र करोड साठी लाख दश हजार



CamScanner

रुपैयाँ मात्र) तथा प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन कर बाँडफाँटबाट रु. ८ करोड १९ लाख ५५ हजार ९ सय ९५ रुपैयाँ (अक्षरेपी आठ करोड उन्नाइस लाख पचपन्न हजार नौ सय पन्चानब्बे रुपैयाँ मात्र) प्राप्त हुने अनुमान गरिएको छ।

४० त्यसैगरी घरजग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँट, विज्ञापन कर तथा मनोरञ्जन करबाट रु. २ करोड ७ लाख ५० हजार रुपैयाँ (अक्षरेपी दुई करोड सात लाख पचास हजार रुपैयाँ मात्र) प्राप्त हुने अनुमान गरिएको छ। साथै नगरपालिकाको आन्तरिक राजस्व, अघिल्लो वर्षको मौज्दात तथा विभिन्न कोषमा रहेको रकम समेत गरी रु. १६ करोड ७२ लाख ७५ हजार रुपैयाँ (अक्षरेपी सोह्र करोड बहत्तर लाख पचहत्तर हजार रुपैयाँ मात्र) परिचालन गरिने अनुमान गरिएको छ।

४१ ढुङ्गा, गिट्टी तथा बालुवा बिक्रीबाट रु. १ करोड ५० लाख रुपैयाँ (अक्षरेपी एक करोड पचास लाख रुपैयाँ मात्र), नगद लागत सहभागिताबाट रु. ३० लाख रुपैयाँ (अक्षरेपी तीस लाख रुपैयाँ मात्र) तथा युवा स्वरोजगार कोष, प्रशासनिक भवन निर्माण कोष लगायत अन्य कोष तथा साझेदारी स्रोतहरूबाट प्राप्त हुने रकमलाई समेत आयको स्रोतका रूपमा समावेश गरिएको छ। उपलब्ध स्रोत, साधन र सम्भावनाको अधिकतम परिचालनमार्फत नगरपालिकाको नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिने विश्वास लिएको छु।

४२ अब म आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित व्ययतर्फको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

४३ प्रस्तुत आय अनुमानलाई आधार मानी नगरपालिकाका नीति तथा कार्यक्रम, विकासका प्राथमिकता तथा नागरिकका आवश्यकतालाई सम्बोधन हुने गरी विभिन्न क्षेत्र तथा विषयगत कार्यक्रमहरूमा बजेट विनियोजन गरेकी छु। यस बजेटले विकास, सुशासन, सेवा प्रवाह तथा नागरिक समृद्धिको लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु। बजेटको विस्तृत विवरण विनियोजन विधेयक, २०८३ का विभिन्न अनुसूचीहरूमा समावेश गरिएको व्यहोरा सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु।

**आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

४४ विनियोजन विधेयक, २०८३ को अनुसूची—१ तपाईहरूका हातहातमा उपलब्ध रहेको छ। उक्त अनुसूचीमा उल्लेख भएबमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कुल रु. १ अर्ब २६ करोड ६७ लाख ८६ हजार ९ सय ९५ रुपैयाँ (अक्षरेपी एक अर्ब छब्बीस



CamScanner

करोड सत्सट्ठी लाख छयासी हजार नौ सय पन्चानब्बे रुपैयाँ मात्र) बराबरको व्यय अनुमान प्रस्ताव गरेको छु ।

४५ नगरपालिकाको नियमित सेवा प्रवाह, प्रशासनीक सञ्चालन तथा संस्थागत सुदृढीकरणलाई प्रभावकारी बनाउन चालु सञ्चालन तथा प्रशासनिक खर्चतर्फ रु. २८ करोड ६८ लाख रुपैयाँ विनियोजन गरेको छु । यस विनियोजनबाट संघीय सरकारले निर्धारण गरेको तलबमानमा भएको १० प्रतिशत वृद्धि, वृद्धि भएको तलबमा कार्य सम्पादनका आधारमा थप १० प्रतिशत प्रोत्साहन भत्ता समावेश गरेको छु । यस अन्तर्गत कार्यालय सञ्चालन तथा संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछन्। यसबाट सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, उत्तरदायी र नागरिकमैत्री बनाउन सहयोग पुग्ने अपेक्षा लिएको छु।

४६ योजना कार्यान्वयनको गुणस्तर अभिवृद्धि, प्राविधिक व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउन पुँजीगत सञ्चालन तथा प्रशासनिक खर्चतर्फ रु. १ करोड १३ लाख रुपैयाँ विनियोजन गरेको छु। यसबाट विकास निर्माण कार्यको प्रभावकारिता अभिवृद्धि भई बजेट कार्यान्वयन थप नतिजामुखी बन्ने अपेक्षा लिएको छु।

४७ शिक्षा, स्वास्थ्य, कृषि, पशुपन्छी, सामाजिक सुरक्षा, रोजगार, पूर्वाधार तथा अन्य प्राथमिकताप्राप्त क्षेत्रका कार्यक्रम सञ्चालन गर्न संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त, विशेष तथा समपूरक अनुदानअन्तर्गतका कार्यक्रमहरूका लागि रु. ६३ करोड ५४ लाख ४१ हजार रुपैयाँ विनियोजन गरेको छु। यसबाट राष्ट्रिय तथा प्रादेशिक प्राथमिकताका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने विश्वास लिएको छु।

४८ विपद् व्यवस्थापन, लैङ्गिक हिंसा निवारण, सार्वजनिक सम्पत्तिको मर्मत सम्भार, अनुसन्धान तथा परामर्श, म्याचिङ फण्ड तथा सिटी हल साँवा ब्याज भुक्तानी लगायतका विशेष प्रयोजनका कार्यक्रम तथा कोषहरूका लागि रु. २ करोड १६ लाख रुपैयाँ विनियोजन गरेको छु। यसबाट विपद् प्रतिकार्य क्षमता अभिवृद्धि, सामाजिक संरक्षण, सार्वजनिक सम्पत्तिको संरक्षण तथा नगरको दीर्घकालीन आवश्यकता सम्बोधन गर्न सहयोग पुग्ने अपेक्षा लिएको छु।

४९ नगरस्तरीय योजना तथा कार्यक्रमतर्फ रु. ९ करोड ६४ लाख ५५ हजार ९ सय ९५ रुपैयाँ विनियोजन गरेको छु। यस बजेटबाट नगरपालिकाको समग्र विकास, अन्तरवडा समन्वय आवश्यक पर्ने पूर्वाधार, आर्थिक तथा सामाजिक रूपान्तरणमा योगदान पुग्ने



CamScanner

कार्यक्रम, सेवा विस्तार तथा नगरको दीर्घकालीन विकासमा टेवा पुग्ने प्राथमिकताप्राप्त योजना तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछन्।

५० कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, युवा तथा खेलकुद, महिला विकास, वातावरण, सहकारी, उद्यम विकास लगायत विभिन्न विषयगत क्षेत्र तथा शाखामार्फत सञ्चालन हुने कार्यक्रमहरूका लागि रु. ६ करोड १० लाख रुपैयाँ विनियोजन गरेको छु। यसबाट विषयगत विकासका लक्ष्य हासिल गर्न तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा लिएको छु।

५१ महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा पछाडि पारिएका समुदायको सशक्तीकरण, सहभागिता तथा क्षमता विकासका लागि लक्षित वर्ग कार्यक्रमतर्फ रु. ५० लाख रुपैयाँ विनियोजन गरेको छु। यसले समावेशी विकास र सामाजिक न्यायको प्रत्याभूति गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

५२ स्थानीय सरकारको मूल आधार वडा तह नै भएको हुँदा नागरिकका आवश्यकता, माग र प्राथमिकतालाई स्थानीय तहमै सम्वोधन गर्ने उद्देश्यले वडा कार्यालयमार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमहरूका लागि रु. ११ करोड २० लाख रुपैयाँ विनियोजन गरेको छु। उक्त रकममध्ये नगरपालिकाका १४ वटै वडा कार्यालयलाई विकास निर्माण तथा स्थानीय आवश्यकता सम्बोधन गर्न प्रति वडा रु. ८० लाखका दरले सिलिङ उपलब्ध गराउने व्यवस्था गरिएको छ। यसबाट वडा तहमा साना तथा मध्यम पूर्वाधार निर्माण, सामुदायिक विकास, सेवा प्रवाह सुधार तथा स्थानीय आवश्यकतामा आधारित योजना कार्यान्वयनमा थप प्रभावकारिता आउने विश्वास लिएको छु।

५३ कार्य सम्पन्न भई भुक्तानी गर्न बाँकी रहेका योजनाहरूको दायित्व व्यवस्थापनका लागि रु. ३ करोड रुपैयाँ विनियोजन गरेको छु। साथै जनसहभागितामा सञ्चालन हुने योजनाहरूलाई निरन्तरता दिँदै विकास प्रक्रियामा नागरिकको अपनत्व, सहभागिता र साझेदारी अभिवृद्धि गर्ने नीति लिएको छु। यसबाट विकास निर्माण कार्यको निरन्तरता कायम रहनुका साथै योजनाहरूको दिगोपना र प्रभावकारिता थप सुदृढ हुने अपेक्षा लिएको छु।

५४ संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) बमोजिम कायम रहेका शाखा, उपशाखा तथा इकाइहरूमार्फत सेवा प्रवाह, संस्थागत सुदृढीकरण तथा विषयगत कार्यक्रम सञ्चालन गर्न रु. ६ करोड १० लाख रुपैयाँ विनियोजन गरेको छु जसलाई शाखागत रुपमा विभाजन गरीएको छ ।



CamScanner

५५ सामान्य प्रशासन शाखा अन्तर्गत सवारी तथा यान्त्रिक व्यवस्थापन, दर्ता—चलानी तथा नगर प्रहरीसम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छ। यसबाट प्रशासनिक सेवा प्रवाह थप चुस्त, दुरुस्त र उत्तरदायी बन्ने अपेक्षा लिएको छ।

५६ आर्थिक प्रशासन शाखा तथा राजस्व प्रशासन उपशाखामार्फत वित्तीय अनुशासन, राजस्व परिचालन, लेखा व्यवस्थापन तथा आन्तरिक स्रोत अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ। साथै योजना तथा अनुगमन शाखामार्फत योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

५७ पूर्वाधार विकास शाखा अन्तर्गत घर नक्सा तथा शहरी विकास, ऊर्जा विकास, सार्वजनिक खरिद व्यवस्थापन, वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन तथा नापी इकाइमार्फत सञ्चालन हुने कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ। यसबाट व्यवस्थित शहरीकरण तथा दिगो पूर्वाधार विकासमा सहयोग पुग्ने विश्वास लिएको छ।

५८ सामाजिक विकास शाखा अन्तर्गत सामाजिक सुरक्षा तथा पञ्जीकरण, महिला, बालबालिका तथा समाज कल्याणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ। यसबाट सामाजिक सुरक्षा, समावेशीकरण तथा सामाजिक न्याय प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा लिएको छ।

५९ शिक्षा, युवा तथा खेलकुद शाखामार्फत शैक्षिक गुणस्तर अभिवृद्धि, विद्यालय व्यवस्थापन, युवा सशक्तीकरण तथा खेलकुद विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

६० स्वास्थ्य शाखामार्फत आधारभूत स्वास्थ्य सेवा, जनस्वास्थ्य प्रवर्द्धन, स्वास्थ्य संस्थाको सुदृढीकरण तथा स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ। साथै कृषि विकास शाखा र पशुपन्छी सेवा शाखामार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि, व्यवसायीकरण, प्रविधि हस्तान्तरण तथा कृषकको आयआर्जन अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछन्।

६१ सूचना प्रविधि तथा तथ्याङ्क शाखामार्फत डिजिटल सेवा प्रवाह, सूचना व्यवस्थापन तथा तथ्याङ्क प्रणाली सुदृढीकरणका कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ। यसबाट प्रविधिमैत्री, पारदर्शी तथा उत्तरदायी स्थानीय शासन प्रवर्द्धन हुने अपेक्षा लिएको छ।

६२ आर्थिक विकास क्षेत्र अन्तर्गत पर्यटन तथा सांस्कृतिक प्रवर्द्धन, उद्योग विकास, भूमि तथा सहकारी व्यवस्थापन र रोजगार प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु। यसबाट स्थानीय अर्थतन्त्र चलायमान बनाउन, उद्यमशीलता विकास गर्न तथा रोजगारीका अवसर विस्तार गर्न सहयोग पुग्ने विश्वास लिएको छु।

६३ जिन्सी तथा सार्वजनिक सम्पत्ति व्यवस्थापन शाखा, आन्तरिक लेखा परीक्षण शाखा तथा कानून शाखा (न्यायिक समिति समेत) मार्फत सार्वजनिक सम्पत्तिको संरक्षण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण, वित्तीय सुशासन तथा न्याय सम्पादनसम्बन्धी कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६४ खेलकुद विकास समितिमार्फत खेलकुद पूर्वाधार विकास, खेल प्रतिभा प्रोत्साहन तथा स्वस्थ, अनुशासित र सिर्जनशील युवा पुस्ता निर्माणमा योगदान पुग्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

**अन्त्यमा,**

६५ प्रस्तुत बजेटले नगरपालिकाको संस्थागत सुदृढीकरण, सेवा प्रवाहमा सुधार, उत्पादन तथा रोजगारी प्रवर्द्धन, पूर्वाधार विकास, सामाजिक न्याय तथा सुशासनका लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु। यस बजेटको सफल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र तथा नगरवासीहरूको सक्रिय सहभागिता र सहकार्यको अपेक्षा गरेको छु।

६६ स्थानीय तहको दोस्रो निर्वाचित कार्यकालको पाँचौं तथा अन्तिम बजेट प्रस्तुत गरिरहँदा विगत पाँच वर्षमा नगरवासीले प्रदान गर्नुभएको विश्वास, सहयोग र साथप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। यस अवधिमा प्राप्त अनुभव, सिकाइ र उपलब्धिले कमलामाई नगरपालिकालाई थप सक्षम, जिम्मेवार र जनउत्तरदायी स्थानीय सरकारका रूपमा स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्याएको विश्वास लिएको छु।

६७ बजेट तर्जुमा प्रक्रियामा अमूल्य सुझाव, सल्लाह, मार्गदर्शन तथा सहयोग प्रदान गर्नुहुने नगर प्रमुखज्यू, सम्पूर्ण नगरसभा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण कर्मचारीहरू, विषयगत समितिहरू, राजनीतिक दल, सञ्चारकर्मी, नागरिक समाज, विकास साझेदार तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक आभार व्यक्त गर्दछु। यस बजेटको प्रभावकारी कार्यान्वयनमा यहाँहरूको निरन्तर सहयोग प्राप्त हुने विश्वास लिएको छु।



CamScanner

६८ समृद्धि, सुशासन र साझा उत्तरदायित्वको यात्रामा हातेमालो गर्दै समुन्नत कमलामाई निर्माणको अभियानमा सबै नगरवासीलाई एकताबद्ध भई अघि बढ्न हार्दिक आह्वान गर्दछु।

धन्यवाद ।

मञ्जु देवकोटा
नगर उपप्रमुख
कमलामाई नगरपालिका,
सिन्धुली
मिति : २०८३/०३/१०

CamScanner